जि.व.का. NAW/TR/24/06

# श्री थुम्किदेवी सामुदायिक वन उपभोक्ता समूह

हुप्सेकोट गाँउपालिका वडा नं.-२, नवलपरासी (ब.सू.पू)
गण्डकी प्रदेश, नेपाल

युवराज पाण्डे
अध्यक्ष
थुम्कि देवी सामुदायिक वन उपभोक्ता समूह

प.स. :०८२/०८३
च.नं.: 2

मिति :२०८२/०४/०५

विषयः सिलबन्दी बोलपत्र वन पैदवार (गोलिया काठ) लिलाम बिक्री सम्बन्धी सूचना ।
( चितवन पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा दोस्रो पटक प्रकाशित मितिः २०८२/०४/०४ गते )

प्रस्तुत विषयमा यस श्री थुम्किदेवी सामुदायिक वन उपभोक्ता समूह, हुप्सेकोट-०२, कोलियाले आ.व.०८०/०८१ र आ.व.०८१/०८२ मा संकलन गरी घाटगद्दीमा मौज्दात रहेका विभिन्न लटमा विभाजित निम्न परिमाणका गोलिया काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानुन बमोजिम डिभिजन वन कार्यालयमा सूचिकृत भएका काठ दाउरामा आधारित उद्योग, संघ संस्था, फर्म वा कम्पनीहरुले **चितवन पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा दोस्रो पटक** प्रकाशित भएको मितिले १५ औं दिनसम्म श्री डिभिजन वन कार्यालय नवलपुर र यस सामुदायिक वन समूहको कार्यालयबाट बोलपत्र फारम खरिद गरि १६ औं दिन कार्यालय समय भित्र श्री डिभिजन वन कार्यलय नवलपुर र यस सामुदायिक वन समूहको कार्यालयमा सिलबन्दी बोलपत्र दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

लिलाम हुने गोलिया काठको विवरण आ.व. ०८०/०८१ मा संकलन

| क.स. | लट नं. | धाड | किसिम | जात | ग्रेड | थान | परिमाण(क्यू.फिट) | न्यूनतम् मुल्य रु. | संकलन खर्च रु. |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ३ | ६ | गोलिया | साल | A | ० | ० | ० | ६९५९८.०० |
| | | | गोलिया | | B | १० | ७०.०९ | ६३०८१.०० | |
| | | | गोलिया | | C | ९४ | ४१६.२७ | २४९७६२.०० | |
| | | | गोलिया | | D | १२ | २५.३९ | ७६१७.०० | |
| | | जम्मा | | | | ११६ | ५११.७५ | ३२०४६०.०० | ६९५९८.०० |
| | | १२ | गोलिया | अस्ना | A | ० | ० | ० | ४६२५.३६ |
| | | | गोलिया | | B | १ | ११.५१ | ३४५३.०० | |
| | | | गोलिया | | C | ६ | २२.५ | २२५०.०० | |
| | | | गोलिया | | D | ० | ० | ० | |
| | | | जम्मा | | | ७ | ३४.०१ | ५७०३.०० | ४६२५.३६ |

लिलाम हुने गोलिया काठको विवरण आ.व. ०८१/०८२ मा संकलन

| क.स. | लट नं. | धाड | किसिम | जात | ग्रेड | थान | परिमाण(क्यू.फिट) | न्यूनतम् मुल्य रु. | संकलन खर्च रु. |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | २ | गोलिया | साल | A | ४ | ५६.०३ | ७००३७.५ | ६६५६५.२ |
| | | | गोलिया | | B | १५ | ११९.८३ | १०७८४७.०० | |
| | | | गोलिया | | C | ७४ | २९०.६४ | १७४३८४.०० | |
| | | | गोलिया | | D | ११ | २२.९५ | ६८८५.०० | |
| | जम्मा | | | | | १०४ | ४८९.४५ | ३५९१५३.५ | ६६५६५.२ |

जि.व.का. NAW/TR/24/06

# श्री थुम्किदेवी सामुदायिक वन उपभोक्ता समूह

हुप्सेकोट गाँउपालिका वडा नं.-२, नवलपरासी (ब.सु.पू)
गण्डकी प्रदेश, नेपाल

युवराज पाण्डे
अध्यक्ष
थुम्कि देवी सामुदायिक वन उपभोक्ता समूह

प.स. :०८२/०८३
च.नं.: 2

मिति :२०८२/०४/०५

विषय: सिलबन्दी बोलपत्र वन पैदवार (गोलिया काठ) लिलाम बिक्री सम्बन्धी सूचना ।
( चितवन पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा दोस्रो पटक प्रकाशित मिति: २०८२/०४/०४ गते )

| क्र.स. | लट नं. | धाड | किसिम | जात | ग्रेड | थान | परिमाण(क्यू.फिट) | न्यूनतम् मुल्य रु. | संकलन खर्च रु. |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | ४ | ४ | गोलिया | साल | A | ९ | १०३.४३ | १२९२८७.५ | ६९७८२.९६ |
| | | | गोलिया | | B | २२ | १७२.६९ | १५४८००.०० | |
| | | | गोलिया | | C | ६३ | २२५.९९ | १३५५९४.०० | |
| | | | गोलिया | | D | ६ | ११.०० | ३३००.०० | |
| | | | **जम्मा** | | | १०० | ५१३.११ | ४२२९८१.५ | ६९७८२.९६ |
| | | ५ | गोलिया | क्यामुना | - | ७ | २८.०० | २८००.०० | १११९०.०८ |
| | | | गोलिया | अस्ना | A | २ | २६.६२ | १०६४८.०० | |
| | | | गोलिया | | B | २ | १९.२ | ५७६०.०० | |
| | | | गोलिया | | C | २ | ८.४६ | ८४६.०० | |
| | | | **जम्मा** | | | १३ | ८२.२८ | २००५४.०० | १११९०.०८ |

२. यस सूचनाको संक्षिप्त सूचना **चितवन पोष्ट राष्ट्रिय दैनिक** पत्रिकामा दोस्रो पटक प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र बोलपत्र वापत तोकिएको दस्तुर तिरी (पछि फिर्ता नहुने गरी) श्री डिभिजन वन कार्यालय नवलपूर र यस समूहको कार्यालयबाट खरिद गर्न सकिनेछ । बोलपत्र खरिद गर्नको लागी प्रोपाईटर आफै उपस्थित नभई प्रतिनिधि पठाएमा प्रोपाईटरको मन्जुरीनामा निवेदनसाथ अनिवार्य रुपमा पेश गनुपर्नेछ । निवेदनसाथ आवाश्यक कागजातहरु :(नेपाली नागरिकताको प्रमाण-पत्र , फर्म दर्ता/नविकरण प्रमाण-पत्र , मु.अ.कर दर्ता वा स्थायी लेखा नं. , कर चुक्ताको प्रमाण-पत्रको प्रतिलिपि) अनिवार्य संलगन हुनुपर्नेछ ।

३. बोलपत्र खरिद तथा दाखिला मिति:
**(क) बोलपत्र खरिद मिति** :२०८२/०४/१८ गते सम्म कार्यालय समय भित्र ।
**(ख) बोलपत्र दाखिला मिति** :२०८२/०४/१९ गते कार्यालय समय भित्र ।

४. बोलपत्र खरिद र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।

५.बोलपत्रसाथ कवोल गरेको सकार रकमको १० प्रतिशतले हुन आउने रकम यस समूहको गिरुवारी स्थित **मुक्तिनाथ विकास बैंक , गिरुवारी शाखामा** रहेको **खाता नं. १०७१०२००३०२१६४००००01** मा जम्मा गरेको बैंक भौचर वा यस समूहको नाममा खिचिएको बैंक ड्राफ्ट वा ६ महिना अवधीको बैंक जमानत पत्र मध्ये कुनै एक समावेश हुनुपर्नेछ । बैंक भौचर , बैंक ड्राफ्ट वा जमानतको मिश्रण र नगद धरौटीलाई मान्यता दिईनेछैन ।

६. लिलाम बढाबढ हुने वन पैदवार यस समूहको घाटगद्दीमा गई हेर्न सकिनेछ ।

७. दाखिला भएको बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुबैमा लेख्नुपर्नेछ । अंक र अक्षर फरक परे अक्षरलाई मान्यता दिईनेछ । टिपेक्स लगाएर सच्चाएको तथा केरमेट गरी पुनः लेखिएको बोलपत्र मान्य हुनेछैन ।

तिं.व.का. NAW/TR/24/06

# श्री थुम्किदेवी सामुदायिक वन उपभोक्ता समूह

हुप्सेकोट गाँउपालिका वडा नं.-२, नवलपरासी (ब.सु.पु)

गण्डकी प्रदेश, नेपाल

प.स. :०८२/०८३

च.नं.: २

मिति :२०८२/०४/०५

विषय: सिलबन्दी बोलपत्र वन पैदवार (गोलिया काठ) लिलाम बिक्री सम्बन्धी सूचना ।
( चितवन पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा दोस्रो पटक प्रकाशित मिति: २०८२/०४/०४ गते )

८. सिलबन्दी बोलपत्रमा लाहा छाप लगाईएको हुनुपर्नेछ । लाहा छापभित्र पर्ने गरी स्टिच लगाउन पाईने छैन ।

९. श्री डिभिजन वन कार्यालय नवलपूरमा दर्ता भएका सिलबन्दी बोलपत्रहरु प्राप्त हुन आएपछि निर्धारण गरिएको न्यूनतम संख्या र रितपूर्क भएका बोलपत्रहरु यस समूहको कार्यालयमा प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । बोलपत्रदाता वा नीजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । **बोलपत्र खोल्ने बारे सूचना यस समूहको कार्यालयको सूचनापाटीमा टाँस गरिनेछ ।**

१०. रित नपुगि वा म्याद नाघि प्राप्त हुन आएको बोलपत्र उपर कारवाही हुने छैन ।

११. बोलपत्र खरिद गर्दा लट अनुसार (रु.१०००/- फिर्ता नहुने गरी तिरि) बेग्लाबेग्लै खरिद गरी दाखिला गर्दा पनि बेग्लाबेग्लै दाखिला गरी खाम बाहिर प्रष्ट लट नं. उल्लेख हुनुपर्नेछ ।

१२. लिलाम स्विकृति भएको जानकारी कार्यालयको सूचनापाटीमा प्रकाशित गरिनेछ । सोको जानकारी लिने दायित्व बोलपत्रदाताको रहनेछ । बोलपत्र स्विकृत भएको , सूचना प्रकाशित भएको वा जानकारी प्राप्त भएको मितिले ४५ दिन भित्र सकार गरेको रकम निर्धारित मू.अ.कर , अग्रिम आयकार र संकलन खर्च बुझाई वन पैदवार तोकिएको अवधिभित्र उठाई लैजानु पर्नेछ ।

१३. बोलपत्र स्विकृत गर्ने वा नगर्ने अधिकार यस सामुदायिक वन उपभोक्ता समूहको कार्य समितिमा सुरक्षित रहनेछ ।